नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# नेपाल स्काउट
राष्ट्रिय प्रधान कार्यालय

पत्र संख्याः ०८०।०८१ मितिः २०८१।०१।०२
चलानी नं.: ६१३

श्री नेपाल स्काउट
स्थानीय तथा प्रदेश स्काउट कार्यालय
सबै ।

विषयः **स्थानीय तथा प्रदेश स्काउट दर्ता/नवीकरण सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा त्यस स्थानीय तथा प्रदेश स्काउट कार्यालयले यस नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयमा दर्ता/नवीकरण निर्देशिका २०७८ बमोजिम प्रदेश स्काउट कार्यालय र स्थानीय स्काउट कार्यालय समेतले आधिकारिकता स्थापित गर्न तोकिएको दर्ता/नवीकरण प्रक्रिया पूरा गर्नुपर्ने हुँदा आ.ब. ०८० /०८१ को आवश्यक विवरण सहित **श्रावण ३० गते** सम्म यस कार्यालयमा अनलाईन मार्फत दर्ता/नवीकरण गर्नु हुन जानकारी गराइन्छ ।

**दर्ता/नवीकरण गर्दा संलग्न गर्नु पर्ने आवश्यक कागज पत्रहरुः**

१. बार्षिक सदस्यता विवरण फाराम
२. चालु बर्षको बार्षिक कार्यक्रम
३. चालु बर्षको अनुमानित आय व्यय विवरण
४. गत वर्षको लेखा परिक्षण प्रतिवेदन
५. गत वर्षको प्रगति प्रतिवेदन
६. स्थानीय/प्रदेश कार्यसमितिको नविकरण गर्ने निर्णय गरिएको माइनुटको कपी

साथै दर्ता/नवीकरणको लागि इकाईमा संलग्न रहेका सम्पूर्ण स्काउट मास्टर साथै स्थानीय स्काउट कार्यालयले समेत आधिकारिकता स्थापित गर्नुपर्ने भएकोले परिमार्जित दर्ता/नवीकरण निर्देशिकाले निर्दिष्ट गरेको मापदण्ड बमोजिम **यहि २०८१ आषाढ मसान्त भित्र** दर्ता तथा नवीकरण अनलाइन माध्यमबाट नैं अनिवार्य रुपमा गर्न गराउन सबै प्रदेश स्काउट कार्यालयले परिपत्र गरी प्रतिवेदन संकलन गरी अनलाईन आबद्धता गर्न हुन जानकारी गराइन्छ ।

**द्रष्टव्य** ः

१) दर्ता/नवीकरण निर्देशिका बमोजिम प्रदेश स्काउट कार्यालय र स्थानीय स्काउट कार्यालय समेतले आधिकारिकता स्थापित गर्न अनलाइन माध्यमबाटै तोकिएको दर्ता/नवीकरण प्रक्रिया पूरा गर्नुपर्नेछ ।
२) दर्ता/नवीकरणका लागि नेपाल स्काउटको आधिकारिक वेभसाइट www.nepalscouts.org को Membership Section मा मा गई सम्बन्धित स्काउट मास्टरले व्यक्तिगत दर्ता/नवीकरण गर्ने र आफू संलग्न समूह र इकाईको दर्ता/नवीकरण गर्नु गराउनु पर्नेछ । वेभसाइटको उचित प्रयोग गरी दर्ता/नवीकरण सहज बनाउन सहयोगी भिडियो (Video Tutorial) समेत तयार गरिएको हुँदा भिडियोबाट पनि सहयोग लिन सकिने छ ।
३) नेपाल स्काउटको दर्ता/नवीकरण सम्बन्धी परिमार्जित निर्देशिका तथा दर्ता/नवीकरण सम्बन्धी सहयोगी भिडियो (Video Tutorial) नेपाल स्काउटको वेबसाइटको निम्न लिंकबाट हेर्न सकिने छ ।
४) दर्ता/नवीकरण प्रक्रिया सम्बन्धि कुनै थप जानकारी वा समस्या आएको खण्डमा सम्बन्धित प्रदेश स्काउट कार्यालयमा सम्पर्क गर्न सकिने छ ।
५) नेपाल स्काउटका सम्पूर्ण सदस्यहरुले राष्ट्रिय अन्तर्राष्ट्रिय सबै कार्यक्रमहरुमा सहभागी हुन, पुरस्कार, पदक र सम्मानका लागि योग्य हुन नेपाल स्काउटको अनलाइन सदस्यता दर्ता प्रणालीमा दर्ता नवीकरण भएको हुनुपर्नेछ ।
६) नेपाल स्काउट प्रदेश स्काउट कार्यालयमा संकलित आ.ब. २०८०।०८१ को सदस्यता दर्ता शूल्कको अंश रकम प्राप्त गर्न स्थानीय स्काउट कार्यालयको अनिवार्य दर्ता नवीकरण भएको हुनुपर्नेछ ।

(रामप्रसाद भट्टराई)
निर्देशक

पो.ब.नं. १०३७, लैनचौर, काठमाडौं, नेपाल, फोन नं.: ४५२५७६२, ४५१९००१, ४५१९०९७
फयाक्सः ९७७-१-४५१३३६९, ईमेलः info@nepalscouts.org, वेबसाइटः www.nepalscouts.org